# आंशु

गाउंदेखि सदरमुकामसम्म
शहरदेखि राजधानीसम्म
हिमालदेखि तराईसम्म
वारीदेखि सीमा पारीसम्म
नाबालक अनि निर्बललाई
तिं पर घारीसम्म
ओछ्यान परेकालाई
चार पाऊ टेक्दै बारीसम्म
हरे कस्तरी भगाईरहेछ
आंशुले नै बगाईरहेछ ॥

यतिधेरै आंखामा आंशु बहेकाछन्
आंशुको आयतन एक्कासी बढेकाछन्
आंशुको लम्बाई नाप्न सकिन्छ
चौडाई अनि उचाई नाप्न सकिन्छ
नेपालको नक्शाको आकार
अब आंशुले नै कोरेका छन्
सीमाना अक्षांश देशान्तर
थोपा थोपाले जोडेका छन् ॥

आंशु झार्न लगाउनु अघि
आफूले आंशुको अर्थ बुझ
तातो बारुद र बम छोडेर
एक सेकेण्ड आंशुले रुझ ।
आंशुसंगै नरोई, तिमी आंशु चिन्दैनौ
आंशु भित्र नपसी, तिमी आंशु देख्दैनौ
आंशुसंगै नबगी आंशुको दर्द दु:ख्दैन
बटुलिन्छ आंशु बरु तिम्रो अघि झुक्दैन ॥

.......राकेश कार्की
विन्डसर विश्वविद्यालय, क्यानाडा